## माओवादीको बैठकमा महाधिवेशनको माग

काठमाडौं/ नेकपा माओवादीको बैठकमा तत्काल महाधिवेशन बोलाउनुपर्ने माग उठेको छ । भावी कार्यदिशा तय गर्न चलिरहेको केन्द्रीय समितिको बैठकमा नेताहरूले शनिबार पार्टीको क्रान्तिकारी धारलाई बचाउन र यसबारेमा तल्लो तहसम्म बहसलाई पुर्‍याउन महाधिवेशन नै सबभन्दा राम्रो उपाय हुने बताए ।

अध्यक्ष पुष्पकमल दाहालद्वारा प्रस्तुत प्रतिवेदन उपर भएको छलफलमा बाबुराम भट्टराई, रामबहादुर थापा, सीपी गजुरेल, पोस्टबहादुर बोगटी, वर्षमान पुनलगायतका नेताले प्रतिवेदनमाथि आ-आफ्नो दृष्टिकोण राखेका थिए । शुक्रबारबाट सुरु भएको सो बैठकमा केन्द्रीय समितिका सदस्यहरुले आ-आफ्नो बिचार खुलेर राखेको कुरा केन्द्रीय समितिका एक सदस्यले बताएका छन् ।

पार्टी सचिवालय र केन्द्रीय समितिको बैठकबाट मात्रै पार्टीका सबै निर्णयहरु तथा काम कारोवार गर्ने गरिएकाले पार्टीभित्रको प्रजातान्त्रिक प्रक्रिया कमजोर भएको पनि बैठकमा टिप्पणी गरिएको थियो ।

पार्टी विधानमा पाँच पाँच वर्षमा महाधिवेशन गर्ने व्यवस्था भए पनि माओवादीको महाधिवेशन नभएको १७ वर्षभइसकेको छ । र यो १७ वर्षमा माओवादीले ०५१ मा पहिलो, ०५७ मा दोस्रो र ०६४ मा तेस्रो सम्मेलन (विस्तारित बैठक) गरेको थियो ।

यसैबीच पार्टी अध्यक्ष प्रचण्डले बैठकमा उठेका तथा भए गरेका टिका टिप्पणीहरु सबै विषय छपरस्ट रूपमा बाहिर गएको कुरालाई मध्यनजर गर्दै पार्टी प्रवक्ताले मात्र यसबारमा बोल्न कडा निर्देशन दिएका छन् । केन्द्रीय सदस्य कृष्णबहादुर महरा माओवादी पार्टीका प्रवक्ता हुन् ।

## राजामामा दम्पतीलाई आफ्नै घर

देशका राजालाई नागार्जुनको बन दिएर सरकारले बनबास पठाएको छ भने उता बनका राजा कुसुण्डा अर्थात राजामामालाई दमौली बजारमा घर बनाउन व्यास नगरपालिका दमौलीमा घरजग्गा किन्ने काम भएको छ । लोपोन्मुख कुसुन्डा जाति र कुसुण्डा भाषाको संरक्षण गर्ने सन्दर्भमा करिव एक दशक अघि मात्र दमौलीमा रहेका राजमामा चर्चामा आएका थिए । कुसुण्डा जातिको बंश जोगाउने अभियान अन्तर्गत इन्द्रमायाले उनीसँग विवाह गरेका थिइन् । अहिले ती दम्पती आफ्नै घर बनाएर बस्ने भएका छन् । आदिवासी जनजाति उत्थान प्रतिष्ठान र जनजाति महासंघले एक लाख २५ हजार र कुसुन्डा राजामामाको नेपाल बैंक लिमिटेडमा रहेको ७५ हजार रुपैंया समेत गरी उक्त जग्गा किनिएको इन्द्रमायाले बताइन् ।

## विराटनगर विस्फोटमा परी पाँच घाइते

विराटनगर, अक्टोबर ३/ अज्ञात समूहले मोरङको हात्तिमुढास्थित मस्जिदमा शनिबार गराएको बम विस्फोटमा परी पाँच जना घाइते भएका छन् । मस्जिदभित्र नवाज पढिरहेका बेला अज्ञात समूहले सुतली बम विस्फोट गराएको थियो । बिस्फोटबाट जियाहुल मिया, अकबर, सद्दाम, जरिना खातुन र जहरा खातुन घाइते भएका छन् । हाल उनीहरूको विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा उपचार भइरहेको छ भने सो बिस्फोटको जिम्मेवारी कसैले पनि लिएको छैन ।

***आस्फोर्डमा...***

शाखा समिति रहेका विश्वका विभिन्न ठाउँमा दबाबमूलक कार्यक्रमहरूलाई जारी राख्नेछ ।'

गोर्खा अभियानमा विगत पाँच वर्षदेखि सक्रिय पिटर क्यारोलले गोर्खाहरूले मुद्दा जिते पनि युद्ध जित्न बाँकी रहेको बताउनु भयो । वहाँले भन्नुभयो - 'यदि आगामी तीन महिनालाई हामीले विशेष रणनीतिका साथ उपयोग गरेनौं, दैनिकरूपमा आन्दोलन र दवावका काम गरेनौं तथा सम्पूर्ण गोर्खाहरू एकताबद्ध भएर सँगै लडेनौं भने गृह मन्त्रालयले गर्ने अध्यागमनसम्बन्धी नीतिमा हुने पुनरावलोकनमा फेरि पनि गोर्खाहरूलाई धोखा हुन सक्ने चेतावनी दिनुभयो । वहाँले www.gurkhajustice.org.uk नामक वेबसाइटमार्फत गोर्खा न्यायका लागि राखिएको सार्वजनिक ज्ञापनपत्रमा लाखौं बेलायती नागरिकहरूको समर्थन जुटाउनका लागि सम्पूर्ण गोर्खाली संघसंस्था, समुदाय र व्यक्तिहरूलाई विशेष भूमिका निर्वाह गर्न अनुरोध गर्नुभयो । साथै, जोआना लुम्लेजस्ता महान व्यक्तित्व र गेसो युकेको विशेष सक्रियता र लिवरट डिमक्रेटिक पार्टीको ऐक्यबद्धतामा भएको सफल विरोधप्रदर्शनका कारण बेलायती जनताको समर्थन उर्लेपछि अदालतलाई पनि सरकारका ऐतिहासिक गल्तीहरू सच्याएर गोर्खाहरूको पक्षमा न्याय गर्न सजिलो भएको टिप्पणी गर्नुभयो ।

गेसोका सोलिसिटरहरू मार्टिन ह्वो तथा केरन ओरुर्कले सेप्टेम्बर ३० को फैसला ऐतिहासिक भए पनि अध्यागमनसम्बन्धी विद्यमान नीति र कानुनको पुनरावलोकन गर्ने क्रममा जस्तो पनि बदमासी हुनसक्ने कुराप्रति सचेत रहन अनुरोध गर्नुभयो । वहाँहरूले भन्नुभयो - 'यस पुनरावलोकनमा पेन्सनसम्बन्धी कुनै पनि कुरा समावेश गर्नु पर्ने बाध्यता सरकारलाई छैन । गरे त राम्रो हो । तर यो पुनरावलोकन मूलतः अध्यागमनसम्बन्धी नीतिमा मात्र सीमित हुनेछ । दुःखको कुरा, यसमै पनि विभिन्न बहानाबाजी गरेर सन् १९९७ भन्दा पहिले सेवानिवृत्त भएका सम्पूर्ण गोर्खाहरूलाई बेलायतमा स्थायी बसोबासको अधिकार प्रदान गर्ने कुरामा कञ्जुस्याइँ र षडयन्त्र हुनसक्छ । उनीहरूका परिवार र बृटिश न्याशनल् ओभरसिज् (वीएनओ) का समस्याहरू पुनरावलोकनमा समावेश नगर्न सक्छ । तसर्थ यी सबै कुराहरू अब हुने नीति परिवर्तनमा समावेश हुनैपर्छ भन्ने कुरा सुनिश्चित गर्नका लागि नै गेसोले दबाबमूलक कार्यक्रमहरू जारी राख्न जरुरी छ । पेन्सनका विषयमा सम्भवतः भविष्यमा छुट्टै अभियान र उपयुक्त समयमा आवश्यक मुद्दामामिलाहरूको तयारी गर्नुपर्ने हुन्छ ।'

गेसोका तर्फबाट बेलायतमा मुद्दा र अभियानको विजारोपण गर्न आठ वर्ष पहिले एक्लै बेलायत छिर्नुभएका गेसोका कानुनी सल्लाहकार तथा प्रशिद्ध मानवअधिकारवादी वकिल गोपाल चिन्तनले अँध्यारोमा ढुङ्गा हानेर शुरु भएको कानुनी लडाइँ आज हेर्दाहेर्दै उल्लेखनीय चरणमा पुगेको देख्नपाउँदा आफू हर्षविभोर भएको बताउनु भयो । वहाँले भन्नुभयो, 'हामीले वर्क परमिट माग्दा नागरिकता पायौँ तर भेदभाव कायमै रह्यो । नेपालमै समान पेन्सन पाउनका लागि लड्दालड्दै आवासीय भिसाको चक्करमा फँसाइयो । तर गोर्खाहरूको अन्तिम जीत त्यसबेला हुनेछ जुनबेला उनीहरू सबैले अब आवासिय भिसा पनि पाउनेछन् र नेपाल वा बेलायत जहाँ बसे पनि समान पेन्सन पाउनेछन्' भन्दै गेसोको कानुनी लडाइँ र आन्दोलनको अन्तिम घडीसम्म पनि आफ्नो हात र साथ अझ बढि हुने प्रतिबद्धता जाहेर गर्नुभयो । वहाँले थप भन्नुभयो- 'बेलायत एउटा यस्तो मुलुक हो जहाँ अदालतले फैसदा गर्दा पनि जनमतको ख्याल गर्दछ, र अहिले त्यही भएको छ । कानुनी लडाइँका साथमा गेसोले अब बेलायतमा रहेका सम्पूर्ण गोर्खाहरूलाई एकै झण्डामुनि समेट्न सक्नुपर्दछ र परेका बेला पेन्सनलगायतका मागहरू पुरा गर्नका लागि अझै पनि एक-दुई जोर जुत्ता फटाउन तयार हुनुपर्दछ । आन्दोलनलाई अझ निर्णायक बनाउँदै लगेमा पेन्सनका सवालमा पनि हाम्रो जीत सुनिश्चत छ ।' यस अवसरमा वहाँले भावविभोर हुँदै एक जनामात्र गोर्खा पनि न्यायबाट बञ्चित रहेसम्म बेलायतका विरुद्ध लडिरहने भन्दै सभापति गुरुङ्गका साथमा गोर्खाहरूसमक्ष पटक पटक कसम खाएको कहिल्यै पनि नबिर्सने कुरा पुनः दोहोर्‍याउनु भयो ।

प्रारम्भमा गेसो युकेका बरिष्ठ सल्लाहकार बौद्धमान लिम्बुले सम्पूर्ण अतिथि तथा सहभागीहरूलाई स्वागत गर्दै गेसोको विजययात्रालाई यहाँसम्म ल्याइपुर्‍याउन अहोरात्र खट्दै आउनुभएका गोर्खा आन्दोलनका नेता पदमबहादुर गुरुङ्ग र आफ्नो जीवनका सबैभन्दा महत्वपूर्ण क्षण र अवसरहरू सम्पूर्णरूपमा गोर्खाहरूको पक्षमा अर्पण गर्ने कानुनी सल्लाहकार चिन्तनप्रति विशेष धन्यवाद ज्ञापन गर्नुभयो । वहाँले भन्नुभयो - 'यदि गेसो स्थापना नभएको भए २०० वर्षसम्मको बेलायती भेदभाव र शोषणका पीडा इतिहासमा आफै हराएर जान्थे । अब भने हामीले झनै एकताबद्ध भएर यस आन्दोलनलाई सफलताको चुलीमा पुर्‍याउनु छ ।' वहाँले पेन्सनसम्बन्धी मुद्दाका बारेमा थप चर्चा गर्दै भन्नु भयो, 'विगतमा गोर्खा युनाइटेड फोरमको आयोजनामा भएको एक संयुक्त भेलामा वृटिश गोर्खा वेल्फेयर सोसाइटी (बीजीडब्लुएस) ले गोर्खा अफर् टु ट्रान्सफर्सम्बन्धी ७ मार्च २००७ को घोषणाविरुद्ध मुद्दा दर्ता गर्ने जिम्मेवारी लिएको थियो जसप्रति गेसोले पूर्ण समर्थन जनाएको थियो । तर म्यादभित्र बीजीडब्लुएसले मुद्दा दर्ता नगरेपछि पेन्सनसम्बन्धी मुद्दा अहिले धरापमा परेको छ । यसबाट रक्षा मन्त्रालयलाई फाइदा पुगेको छ । तर पनि गेसोले पेन्सनसम्बन्धी आन्दोलनका सबै उपायहरूलाई अब आफै जारी राख्नेछ ।' यथार्थमा पेन्सनसम्बन्धी मुद्दालाई अघि बढाउने भनेर नै स्थापना भएको उक्त फोरमले पनि अब यसको जिम्मेवारी लिनु पर्ने भएको छ ।

कार्यक्रममा उपस्थित लिवरल डिमक्रेटिक पार्टीका काउन्सिलर तथा गोर्खा आन्दोलनका सक्रिय समर्थक ब्रायन स्टेलीले सम्पूर्ण गोर्खाहरूलाई आावासीय भिसा, समान पेन्सन, शिक्षा, स्वास्थ्य र आवासको अधिकार सुनिश्चित नगरेसम्म गोर्खाजस्तो अनुकरणीय समुदायप्रति न्याय नहुने बताउनु भयो । वहाँले थप भन्नुभयो - 'अब भूतपूर्व गोर्खाहरूलाई बेलायतको समृद्धि र विश्व शान्तिका लागि सक्रिय गराइनुपर्दछ । युद्धको विभीषिका देखिसकेका गोर्खाहरूलाई अब शान्तिका दूत बनाउनुपर्दछ । गोर्खाजस्तो पवित्र समुदाय पाउनु बेलायती जनताका लागि गौरवको विषय हो । गेसोले महिला दिदीबहिनीहरूलाई समेत संगठित र आन्दोलित गरेर झनै असल कार्य गरेको छ ।'

गेसो युकेका सल्लाहकार तथा लिवरल डिमक्रेटिक पार्टीका आसफोर्डस्थित नेता भिम तुम्बाहाम्फेले गेसोलाई आफ्नो पार्टीले समर्थन दिन थालेपछि गोर्खा आन्दोलनले विशेष उचाई हासिल गर्न थालेको भन्दै बेलायती जनताको जनमत प्राप्त नभएसम्म अदालत र संसद् होस् वा सरकार, कसैले पनि हामीलाई न्याय नगर्ने बताउनु भयो । वहाँले भन्नुभयो - 'हामीले अब गोर्खा आन्दोलनलाई बेलायती जनताको घरदैलोसम्म पुर्‍याउनु पर्दछ । उनीहरूको मन जितेर आन्दोलन सकिएपछि हाम्रो तन, मन र धन भने नेपालतिरै फर्कनुपर्दछ । अनिमात्र हामीलाई मनमा शान्ति हुनेछ ।'

कार्यक्रमको शुभारम्भ आस्फोर्डस्थित सगरमाथा नेपाली कम्युनिटी, गुरुङ्ग समाज (केन्ट), किराँत याक्थुम चुम्लुङ्ग, किराँत राई यायोक्खा तथा गेसो महिला समिति (केन्ट) का तर्फबाट अतिथिहरूलाई शान्ति र सफलताको प्रतिक खादा ओढाएर भव्य स्वागत गरिएको थियो । गेसोका अभियान संयोजक तथा सेनामा छँदादेखि नै गोर्खा आन्दोलनमा होमिएका कारण सेनाबाट जबर्जस्त बर्खास्त पदमसन्दुर लिम्बुले अन्यन्तै प्रभावकारी रूपमा कार्यक्रमको सञ्चालन गर्दै 'अब गेसो भनेको गोर्खा हो, गोर्खा भनेको गेसो हो, अब आफैंभित्र लड्नु वा चुप लागेर बस्नुको सट्टा एउटै झण्डामुनि गोलबन्द भएर गोर्खा आन्दोलनलाई सफल बनाउनु हामी सबैको साझा दायित्व हो' भन्नुभयो ।

प्राप्त समचार अनुसार यस विजययात्रालाई अझ व्यापक र सार्थक बनाउँदै अब हुने आन्दोलनका बारेमा आवश्यक छलफल र विचार विमर्श गर्न गेसोका सभापति पदमबहादुर गुरुङ्ग तथा कानुनी सल्लाहकार गोपाल चिन्तन केही समयका लागि यसै हप्ता नेपाल प्रस्थान गर्दै हुनुहुन्छ ।

***देउवाको...***

गर्नका लागि लोकतान्त्रिक गणतन्त्रमा संघीय समावेशी राज्यको अवधारणालाई अगाडि सारेको र संविधानमा ती कुराहरु लेखिनुपर्छ भन्ने पक्षमा नेका रहेको बताउनु भयो । वहाँले माओवादीको नेतृत्वको सरकारले नागरिक अधिकारहरुको खिल्ली उडाउदै अर्काको जग्गा हडप्ने, खोसिएको सम्पत्ति फिर्ता नगर्ने, कुटपिट गर्ने क्रम अझै पनि नरोकेको पनि बताउनु भयो ।

त्यस्तैगरी ओभरसिज नेपालीहरुलाई द्वैध नागरिकता प्रदान गर्ने सवालमा सबै राजनीतिक पार्टीहरुको सहमति बनेको र यसमा नेकाको सारै नै सहयोगी भूमिका रहेको पनि बताउनु भयो । वहाँले आफु प्रधानमन्त्री हुँदा गोर्खा सैनिकको सवालमा उनीहरुको हक अधिकारको पक्षमा आवाज उठाएको र पत्राचार गरी कारवाही अगाडि बढाएको प्रसंग कोट्याउदै बेलायतको उच्च अदालतले गोर्खाहरुको पक्षमा गरेको फैसलाले आफ्नो प्रयास पनि सफल भएको तथा सम्पूर्ण नेपालीको विजय भएको पनि बताउनु भयो । हालै अदालतबाट सम्पूर्ण गोर्खाहरुलाई आवासिय भिसा दिने गरी भएको फैसलाका बारेमा टिप्पणी गर्दै आफू कहिल्यै पनि गोर्खाहरुको समान अधिकारको विपक्षमा नरहेको तथा सन् १९९७ मा प्रधानमन्त्री जोन मेजरसँग भेट हुँदा पनि आफूले समान अधिकार सुनिश्चित गर्दै नेपाल-बेलायत सम्बन्धलाई अझै चहकिलो बनाउन अनुरोध गरेको कुरा बताउनु भयो । वहाँले सन् २००४ मा बेलायतका राजनीतिक पार्टी, संघसंस्था र बुद्धिजीवीहरुको अनुरोधमा गोर्खाहरुलाई आवासिय भिसा दिएमा नेपाल सरकारको कुनै आपत्ति नहुने पत्र लेखेपछिमात्र प्रधानमन्त्री टोनी ब्लेयरलाई सेप्टेम्बर ३०, २००४ मा गोर्खाहरुलाई आवासिय भिसा र नागरिकता दिने घोषणा गर्न सम्भव भएको बताउनुभयो ।

उक्त कार्यक्रममा नेपाली डेमाक्रेटिक फोरमका भक्त गुरुङ र एनआरएन यूकेका उपाध्यक्ष सूर्य गुरुङले अब बन्ने संविधानमा सबै नेपालीको भावना समेटिनु पर्ने कुरामा जोड दिनु भएको थियो । कार्यक्रममा बोल्दै नेबिसंघकी नेतृ टीका चौधरीले बेलायतमा आएर नेपाली दाजुभाई दिदीबहिनीहरुको यो ठूलो जमघटमा उपस्थित हुन पाउदा खुसी लागेको बताउनु भयो । त्यस्तैगरी नेबिसंघका पूर्व सभापति कल्याण गुरुङले आगामी संविधान निर्माणको काम धेरै चुनौतिपूर्ण रहेको कुरा उल्लेख गर्नु भयो । प्रथम चरणको कार्यक्रम जनसम्पर्क समिति ह्याम्पसायर शाखाका लोक गुरुङले सञ्चालन गर्नु भएको थियो । कार्यक्रमको सभापतित्व एनपीसीसी यूकेका केन्द्रीय सदस्य श्रीमती कुमारी गुरुङले गर्नु भएको थियो । कार्यक्रमको सुरुमा शेरबहादुर सुनारले स्वागत मन्तव्य दिनु भएको थियो ।

दोस्रो चरणको कार्यक्रम नेपाली जनसम्पर्क समिति बेलायतका सभापति बिनोदराज मोक्तानको सभापतित्वमा भएको थियो । कार्यक्रम सञ्चालन एनपीसीसी यूकेका केन्द्रीय सदस्य शान्तबिनोद लामिछानेले गर्नु भएको थियो । यस सत्रमा उपस्थित सहभागीहरु तथा संघ संस्थाका प्रतिनिधीहरुले नेकाका वरिष्ठ नेता देउवालाई बिभिन्न प्रश्नहरु राखेका थिए । प्रश्नहरुको जवाफ दिदै देउवाले ओभरसिज नागरिकहरुलाई दुइटा नागरिकता लिन दिनु पर्छ र त्यसले देशलाई नै फाइदा हुने बताउनु भयो । एक प्रश्नको उत्तरमा वहाँले नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको देश हुनाले पर्यटन र जलबिद्युतको क्षेत्रमा लगानीको आकर्षण रहेको पनि बताउनु भयो । तर अस्थिरता नै नेपालको प्रमुख समस्या रहेको पनि वहाँले बताउनु भयो । गोर्खाली समस्याकै विषयमा स्वयम् भूतपूर्व गोर्खा सैनिकसमेत रहनुभएका डा. चन्द्र लक्सम्बा लगायतका सहभागीहरुले विभिन्न प्रश्नहरु राख्नुभएको थियो । यी प्रश्नहरुको उत्तर दिने क्रममा देउवाले आफू नेपाल फर्केपछि निकट भविष्यमै प्रधानमन्त्री प्रचण्डलाई भेटेर समान पेन्सनका पक्षमा पनि पहिलेजस्तै आधिकारिक पत्र बेलायत सरकारलाई लेख्नका निमित्त प्रयास गर्ने आश्वासन दिनुभयो ।

उक्त कार्यक्रममा बोल्दै एनआरएन यूकेका अध्यक्ष मेजर डमर घलेले एनआरएनले गरिरहेका गतिविधि तथा भावी कार्यक्रमहरुको बारेमा पनि प्रकाश पार्नु भएको थियो । वहाँले आफ्ना कार्यक्रमहरुमा नेपाल सरकारको पनि सहयोग आवश्यक पर्ने पनि बताउनु भयो ।

कार्यक्रमको समापन गर्दै एनपीसी यूकेका अध्यक्ष बिनोद मोक्तानले नेपाली कांग्रेस प्रजातन्त्रको पर्याय भएकोले जनमुखी संविधान बनाउनु पर्ने कुरामा जोड दिनु भयो ।

कार्यक्रममा नेका सभापति तथा पूर्वप्रम गिरिजाप्रसाद कोइरालाले बेलायतबासी नेपालीहरुलाई विजयादशमी, दिपावली, छठ र लोसारको उपलक्ष्यमा पठाउनु भएको शुभकामना पढेर सुनाइएको थियो । कार्यक्रममा एनआरएन यूके, तमु धी यूके, मगर संघ यूके, यती नेपाली एसोसिएसन, ग्रेटर रसमोर, ठकुरी संघ यूके, गेसो, बीजीडव्लुयस, सृजनशिल समाज, पर्वत वेलफेयर सोसाइटी, नेसा, लमजुङ वेलफेयर सोसाइटी, हेज तथा हार्लिङटन नेपाली समाज, नेपाली साहित्य परिषद, कोसेली साँस्कृतिक परिवार, पत्रकारहरु, टिभी च्यानलका प्रतिनिधीहरुको उपस्थिति रहेको थियो ।

त्यस्तैगरी अन्य उपस्थित महानुभावहरुमा वरिष्ठ समाजसेवी डा. राघवप्रसाद धिताल, वरिष्ठ पत्रकार खगेन्द्र नेपाली, डा. चन्द्र लम्सम्वा, विश्वआदर्श पण्डित आदि हुनुहुन्थ्यो । सो कार्यक्रम तमु धीको भवन मिचेटमा भएको थियो ।

यसैबीच प्राप्त अर्को समाचार अनुसार नेपाली कांग्रेसका वरिष्ठ नेता तथा पूर्वप्रम शेरबहादुर देउवा तथा नेपाली कांग्रेस केन्द्रीय सदस्य तथा अन्तर्राष्ट्रिय बिभाग प्रमुख सुजाता कोइराला गत सेप्टेम्बर ३० र १ अक्टुबरका दिन वेल्सको भ्रमणमा व्यस्त रहनु भयो । भ्रमणको पहिलो दिन वेल्सको कुम्बरानमा नेपाली जनसम्पर्क समिति, क्षेत्रीय समितिद्वारा आयोजित कार्यक्रममा दुवैजना सहभागी हुनुहुन्थ्यो । न्यूपोर्टका सचिव इन्द्र गुरुङद्वारा सञ्चालित सो कार्यक्रम कुम्वरान गोर्खा कम्युनिटीका अध्यक्ष दल लिम्वुको सभापतित्वमा भएको थियो ।

सो अवसरमा नेता देउवाले गोर्खाहरुको बारेमा तत्कालिन प्रधानमन्त्री जोन मेजर र टोनी ब्लेयरसँगको आफ्नो कुराकानी सविस्तार राख्नु भएको थियो । उक्त अबसरमा सुजाता कोईरालाले नेपाल भन्दा टाढा रहेका आफ्ना नेपाली दाजु भाइ, दिदी बहिनीहरुसँगको सो भेटले आफु खुसी भएको बताउनु भएको थियो ।

सो कार्यक्रम पश्चात वहाँहरु वेल्स लाइफ म्यूजियम फेयरवाटर गई हिजोको बेलायत, वेल्स कस्तो थियो र कसरी यो क्रमशः परिवर्तन भयो भन्ने कुरालाई अभिरुचीपूर्वक अवलोकन गर्नु भयो । वेल्सबाट शिवजी श्रेष्ठले दिनु भएको जानकारी अनुसार वहाँहरु कार्डिफ बेस्थित वेल्स संसद तथा वन्दरगाहको भ्रमणमा पनि जानु भएको थियो ।

***पर्वत वेलफेयर...***

हल दर्शकहरुले खचाखच भरिएको थियो । सयौं दर्शकहरु टिकट नपाएर फर्किएका थिए । कार्यक्रम साँझ ७:३० बजे सुरु भएको थियो ।

सो कार्यक्रममा राजुलामाको नेपाली लोक पप गीत र प्रशान्त तामाङको हिन्दी गीतहरुमा ननाच्ने र ताली नपिट्ने कोही भएनन् । सुजाता राई र श्रद्धा गुरुङ्गको नाचले सवै दर्शकहरुको मन जित्न सफल भएको थियो भने कार्यक्रम सञ्चालिका सन्जु घलेले पनि कार्यक्रमलाई अत्यन्त रोमाञ्चक बनाएर सञ्चालन गरेकी थिइन् ।

कलाकारहरु प्रशान्त तामाङ, राजुलामा, सुजाता राई, श्रद्धा गुरुङ्ग र उद्घोषिका सन्जु घलेलाई क्रमश : प्रमुख अतिथी अशोक श्रेष्ठ, सल्लाहकार ले. नारायण प्रसाद गुरुङ्ग (बी.ई.एम.) अध्यक्ष पुरण गिरी, सल्लाहकार क्या. हितमान गुरङ्ग (एम.बी.ई.) र एनआरएन युकेका अध्यक्ष मे. डमर घले (एम.बि .ई.) ले सम्मान पत्र वितरण गर्नुभएको थियो । कार्यक्रम दशैंको उपलक्ष्यमा सवै नेपालीहरुलाई मनोरञ्जन दिलाउनुका साथै त्यसवाट उठेको रकमले पर्वत जिल्लामा शिक्षा र स्वास्थ्यको क्षेत्रमा सहयोग गर्ने अभिप्रायले आयोजना गरिएको थियो ।

कार्यक्रममा भूपु एनआरएन युकेका अध्यक्ष तथा प्रतिष्ठित व्यवसायी अशोक श्रेष्ठ प्रमुख अतिथि रहनु भएको थियो । कार्यक्रमको उद्घाटन गर्दै श्रेष्ठले आफूलाई प्रमुख अतिथिको स्थान दिएकोमा खुशी व्यक्त गर्दै वेलफेयरलाई धन्यवाद दिनुभएको थियो । बोल्ने क्रममा सोसाईटीका अध्यक्ष पुरण गिरीले उपस्थित सवैलाई स्वागत गर्दै धन्यवाद दिनु भएको थियो साथै कार्यक्रम संयोजक गोविन्द गुरुङलाई कलाकार लगायत सम्पूर्ण व्यवस्थापन गरी म्यूजिक मानीया सफल पार्न विशेष भूमीका निभाउनु भएकोमा धन्यवाद दिनु भएको थियो । कार्यक्रममा बोल्दै संयोजक गोविन्द गुरुङले पर्वत वेलफेयरले आफूलाई यस विशाल कार्यक्रमको संयोजकको भूमीका दिएकोमा खुशी प्रकट गर्दै आगामी दिनहरुमा पनि यस्ता कार्यक्रमहरुको आयोजनालाई निरन्तरता दिइने बताउनु भयो । साथै वहाँले सम्पूर्ण भोलेन्टियर, वेलफेयरका सदस्य, अतिथि तथा दर्शक सवैलाई धन्यवाद दिनु भएको थियो । कार्यक्रममा वेलायतका विभिन्न संघ संस्थाहरुलाई पनि आमन्त्रण गरिएको थियो । कार्यक्रममा एनआरएन युकेका अध्यक्ष मे. डमर घले, तमु धी युकेका अध्यक्ष मे. लालवहादुर गुरुङ, ग्रेटर र समुर नेपलिज कम्युनिटीका अध्यक्ष रोहित गुरुङ, चितवन क्याटका अध्यक्ष लोक गुरुङ, साहरा युकेका अध्यक्ष नविन गुरुङ, सीर्जनशील समाज युकेका अध्यक्ष शेरबहादुर सुनार, तमु धी युकेका महासचिव रामचन्द्र गुरुङ, एनआरएन युकेका उपाध्यक्ष सुर्य गुरुङको आदि महानुभावहरुको उपस्थिती रहेको थियो । प्रथम चरणको कार्यक्रम सोसाईटीका सचिव युवन गुरुङले सञ्चालन गर्नुभएको थियो ।

***यतीको बैठक...***

पुडासैनीले बताउनु भएको छ ।

यतीले यही अक्टोबर १३ तारिखका सोमबारका दिन इलिङ टाउनहलमा साँझ ६ बजेदेखि गर्ने दशैं कार्यक्रमलाई व्यबस्थित गर्नको लागि विभिन्न उपसमितिको पनि गठन गरेको महासचिव पुडासैनीले जानकारी दिनु भएको छ । जस अनुसार वरिष्ठ उपाध्यक्ष रवीन्द्र कणेलको संयोजकत्वमा अतिथी सत्कार उपसमिति, उपमहासचिव रामजी बरालको संयोजकत्वमा खाना व्यवस्थापन उपसमिति, सांस्कृतिक सचिव सपनकुमार राईको संयोजकत्वमा सांस्कृतिक उपसमिति गठन भएको छ । त्यस्तैगरी खेलकुद सचिव राजन खत्री क्षेत्रीको संयोजकत्वमा स्वयंसेवक परिचालन उपसमिति, प्रकाशन सचिव चिरन शर्माको संयोजकत्वमा प्रचार-प्रशार उपसमिति र कोषाध्यक्ष सुन्दर खतिवडाको संयोजकत्वमा टिकट बिक्रि-बितरण उपसमिति गठन गरिएको पनि महासचिव पुडासैनीले जानकारी दिनु भएको छ ।

***फक्स्टोन...***

फैसला सकारात्मक भए पनि ढुक्क साथ नबस्न आग्रह गर्नुभयो । सोहि अवसरमा फक्स्टोन नेपलिज कम्युनिटीको तर्फबाट क्यारोललाई रियल डाइमण्डको कदरपत्र रिटायर्ड गोर्खा मेजर वेदबहादुर पुनले प्रदान गर्नुभएको थियो ।

बर्ष दिनमा एकपटक आउने दशैको अवसरमा सुस्वास्थ्य र दीर्घायूको लागि शुभकामना आदानप्रदान गर्दै भाञ्जा भाञ्जिहरु लगायत उपस्थित सबैले नाचेर गाएर खुसियाली मनाएका थिए । पार्टीमा सहभागी तिलकले दशैं पार्टी भव्य र अत्यन्तै सफल भएको कुरा बताए ।

सुहिम याक्थुङ., केन्टबाट

## साप्ताहिक राशि फल

ज्यो. निलहरि घिमिरे / rashi@nepalisandesh.com

२००८/१०/८ बुधवारदेखि २००८/१०/१४ मंगलवारसम्म

मेष : शिक्षामा सफलता मिल्ने छ । काम परिवर्तन गर्ने सोंचमा रहेकाहरुको लागि फलदायी छ । अधिकार क्षेत्रमा बृद्धि होला । उन्नतिको नयाँ मार्ग खुल्नेछ ।

बृष : पारिवारिक समस्यामा कसैको हस्तक्षेपले तपाईलाई अप्ठेरोमा पार्न सक्छ । साथी तथा आफन्तजन संगको सम्वन्धमा मधुरता आउने छ । काममा अवरोध आउने सम्भावना छ । सन्तानबाट सहयोग मिल्ने छ ।

मिथुन : सम्पत्तीको सुरक्षामा विशेष ध्यान दिनु पर्ने समय छ । पुरानो मित्र संग भेटघाट हुने योग छ । सम्पत्ती सम्वन्धमा वादविवादको सामना गर्नुपर्नेछ । व्यर्थको झण्झट हुनेछ ।

कर्कट: लोकप्रीयतामा बृद्धि हुनेछ । उपहार तथा सम्मान प्राप्त होला । लामो यात्राको प्रयास सफल हुनेछ । ऋण लिएर सुरु गरिएको काममा सफलता मिल्ने देखिदैन ।

सिंह : परिवारको लागि गरिएका काम पुरा हुनेछन् । सुखद काम पूर्ण हुने देखिन्छ । सुख सुविधाका सामान खरिद गर्न मन जाला । उपहार तथा सम्मान प्राप्त होला । विश्वसनियतामा बृद्धि हुनेछ ।

कन्या : फाइदा हुने कुनै काम हुनेछ । आफन्तको अभाव महशुस हुनेछ । मांगलिक कार्यमा मन जाला । परिश्रमबाट सोचे अनुसारको फल प्राप्त हुनेछ ।

तुला : समाज सेवामा रुची बढ्नेछ । पारिवारिक दायित्व पुरा हुनेछ । सन्तानको सहयोग मिल्नेछ । विलासिताका सामानबाट बन्चित हुने देखिन्छ ।

बृश्चिक : लिएका निर्णयहरु तपाईको पक्षमा हुनेछन् । साझेदारीमा कुनै कामको सुरुवात नगर्नु वेस होला । जीवन साथीबाट भरपुर सहयोग मिल्नेछ । मांगलिक कार्यको पुरा हुन सक्ने समय छ ।

धनु : आपसी सम्वन्धमा मधुरता आउनेछ । परिवार तथा आफन्तबाट भरपुर सहयोग मिल्नेछ । धन, सम्मान, पद, प्रतिष्ठामा बृद्धि होला ।

मकर : यात्रा गर्नु पर्ने देखिन्छ । सन्तान प्रतिको दायित्व पुरा हुनेछ । सरकारी पक्षबाट सहयोग मिल्नेछ । सम्वन्धमा मधुरता आउने छ ।

कुम्भ : वोलिमा सौम्यता आउनाले लाभ मिल्नेछ । सन्तानको दायित्व पुरा हुनेछ । उपहार तथा सम्मान प्राप्त होला । नयाँ वाहन खरिद गर्दा सफलता मिल्नेछ ।

मीन : कुनै मूल्यवान वस्तु पाउने अभिलाषा पुरा होला । साना तिना कुरालाई प्रतिष्ठाको प्रश्न नबनाउनु वेस होला । सहयोगीहरुबाट भरपुर सहयोग मिल्नेछ । सम्वन्धमा विस्तार हुनुको साथै मधुरता आउनेछ ।

NEPALI TV
नेपाली टि. भी.
प्रवासमा पहिलो नेपाली स्याटेइट च्यानल
- युरोपदेखि मध्यपूर्वसम्म विश्वका ५८ राष्ट्रहरुमा पुग्ने एकमात्र नेपाली टिभी च्यानल ।
- नेपालका समसामयिक ताजा खबर, नेपाली सिनेमा, गीत संगीत, टिभी सिरियल र अन्य बिबिध रोचक गतिविधिका लागि नजोडुने नेपाली टिभी ?
निर्णय तपाईकै हातमा !
ग्राहक शुल्क मासिक मात्र ७.८८ पाउण्ड !
नेपाली कला, संस्कृतिको जगेर्नाका साथै नेपाली डायस्पोरालाई एकत्रित गर्ने हाम्रो लक्ष्य हो ।
For more information, Please contact us:
Ambasador House, 2 Cavendish Avenue
Sudbury Hill, HA1 3RW (UK)
Tel: 0044(0)208864 3982/ 0044(0)7853337271
www.nepalitv.com info@nepalitv.com

Are you looking to buy your first home?
To move house?
Are you paying too much for your existing mortgage?
Not sure what to do? We can help!!
Call Anil now on: 07984011181
or, 02089040370
The Wright Mortgage Company
wrightmortgageco@btconnect.com
Your home may be repossessed if you do not keep up repayments on your mortgage.
We normally do not charge a fee for mortgage advice. However a fee paying option is available. Our typical fee is £499. The Wright Mortrage Company is an appointed representative of Personal Touch Financial Services Ltd which is authorised and regulated by The Financial Services Authority.

विजया दशमी तथा दीपावली २०६५ को
सुखद अवसरमा देश तथा विदेशमा भएका सम्पूर्ण नेपाली दाजु-भाइ, दिदी-बहिनीहरुमा सुख: शान्ति तथा समृद्धिको लागि
हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं ।
सुरेश चन्द्र गौतम
संयोजक
सम्मेलन तयारी समिति
नेपाली समाज यूके